११३३१६४४

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल

आदेश

मु.नं. ६१८/०७२/०७३

निर्णय नं. ७४५

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल र नोदनाथ त्रिताल................२ उजुरीकर्ता

विरूद्ध

कार्यालय प्रमुख, वन विभाग, बबरमहल, काठमाडौं..........................................................१ प्रत्यर्थी

सूचना अधिकारी, वन विभाग, बबरमहल, काठमाडौं..........................................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल र नोदनाथ त्रितालले वन विभाग, बबरमहल, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१२।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ। ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु वा सो सूचना उपलब्ध गराउन नसकिने/नमिल्ने भए सो को कारण खुलाई पठाउनु भनी वन विभाग, बबरमहल, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।